# को कसरी बोल्छ ?



बिक्रीको लागि होइन

लेखक
शारदारमण नेपाल

चित्राङ्कन
दीपक गौतम

सम्पादक
शान्तदास मानन्धर

यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

बिक्रीको लागि होइन

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भसामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

बिक्रीको लागि होइन


प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६

**पाठ्यक्रम विकास केन्द्र**




हात्ती कुँज्छ ।




कुकुर भुक्छ ।




मुसा चुइँचुइँ गर्छ।



स्याल कराउँछ हुइय्याँ, हुइय्याँ ।




ढुकुर कुरकुर कुर्लन्छ ।



बाच्छो बाँबाँ गर्छ, कराउँछ ।



पाठो कराउँदा म्याँम्याँ गर्छ ।


बिक्रीको लागि होइन


होक्काँ, होक्काँ गर्दै जुरे गोरु डुक्रन्छ ।



हाँस कराउँछ ।




कुखुरा बास्छ ।



सिंह गजबसित गर्जन्छ ।



बिक्रीका लागि होइन


कोइली गाउँछ, मैना बोल्छ ।



# बाघ गर्जन्छ ।




चितुवा गर्जन्छ ।



मौरी भुनभुनाउँछ ।




झिँगा भुनभुनाउँछ ।




घोडा हिनहिनाउँछ ।




जेब्रा हिनहिनाउँछ ।



गधा कराउँछ, चित्कार्छ ।




सर्प रिसाएर फुँकार्छ ।



# चिर्बिर चिर्बिर गर्छ भँगेरा ।



भँवरा फूलमा भुँभुँ गर्छ ।




काग काका, काँकाँ बोल्छ ।




लागि होइन

हुँचिल राति हुँहुँ गर्छ ।




बिरालो चाहिँ म्याउँ म्याउँ गर्छ ।



भेडा बोल्दा भ्याभ्या गर्छ ।



भ्यागुता ट्वारट्वार, ट्वारट्वार गर्छ ।



राँगो भैँसी आँइँआँइँ गर्छ ।


बिक्रीको लागि होइन



कहिले कसरी बोल्नुपर्छ
सोची, विचारी, नम्र भएर
शिष्टताका साथ सरक्क
मान्छे आफू बोल्छु म ।

बिक्रीका लागि होइन

# को कसरी बोल्छ ?

– शारदारमण नेपाल



हात्ती कुँज्छ, कुकुर भुक्छ
मुसा चुइँचुइँ गर्छ ।
स्याल कराउँछ हुइय्याँ हुइय्याँ
ढुकुर कुरकुर कुर्लन्छ ।

बाच्छो बाँबाँ गर्छ, कराउँछ
पाठो कराउँदा म्याँम्याँ गर्छ ।
होक्काँ, होक्काँ होक्काँ गर्दै
जुरे गोरु डुक्रन्छ ।

हाँस कराउँछ, कुखुरा बास्छ
सिंह गजबसित गर्जन्छ ।
कोइली गाउँछ, मैना बोल्छ
बाघ र चितुवा गर्जन्छ ।

मौरी, झिँगा भुनभुनाउँछ
घोडा, जेब्रा हिनहिनाउँछ ।
गधा कराउँछ, चित्कार्छ
सर्प रिसाएर फुँकार्छ ।

चिर्बिर चिर्बिर गर्छ भँगेरा
भँवरा फूलमा भुँभुँ गर्छ ।
काग काका, काँकाँ बोल्छ
हुँचिल राति हुँहुँ गर्छ ।

बिरालोचाहिँ म्याउँम्याउँ गर्छ
भेडा बोल्दा भ्याभ्या गर्छ ।
भ्यागुता ट्वारट्वार, ट्वारट्वार गर्छ ।
राँगो भैँसी आँइँआँइँ गर्छ ।

कहिले कसरी बोल्नुपर्छ
सोची, विचारी, नम्र भएर
शिष्टताका साथ सरक्क
मान्छे आफू बोल्छु म ।

बिक्रीको लागि

बिक्रीको लागि होइन

बिक्रीको लागि होइन